छथर जोरपाटी गाउँपालिका
जोरपाटी, धनकुटा
नवौं गाउँ सभामा प्रस्तुत
आ. व. २०७८/०७९ को वजेट वक्तव्य

यस गरिमामय सभाका सभाध्यक्ष महोदय,
सभाका सदस्यज्यूहरु,

आदरणीय छथर जोरपाटीबासी तथा यहाँबाट देश विदेशमा रहनु भएका सम्पूर्ण आमा-बुवा, दाजु-भाइ तथा दिदी बहिनीहरु, यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरु सबैमा न्यानो अभिवादन सहित स्वागत गर्न चाहान्छु ।

१. हामी नेपाली सबैको अथक प्रयासबाट यो मुलुकमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रतिफलस्वरुप सार्वभौमसत्तासम्पन्न नेपाली जनताबाट निस्रित नेपालको संविधानको धारा २३० को अधिकार प्रयोग गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम आज यस छथर जोरपाटी गाउँपालिकाको आ.व. २०७८।०७९ को राजस्व र व्ययको अनुमान पेश गर्न उपस्थित भएको छु ।

२. यस सन्दर्भमा सर्वप्रथम यो मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतिलाई संस्थागत गर्ने क्रममा भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै उहाँहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु । अहिले हामी कोभिड-१९ महामारीको विषम परिस्थितिसँग लडिरहेका छौं । यस महामारीकै कारण आजका दिनसम्ममा साविक तेलिया र तांखुवा गा.वि.स का पूर्व अध्यक्षद्वयहरूलाई हामीले गुमाउनु परेको छ । उहाँहरू समेत हाम्रो पालिकामा बसोबास गरी व्यवसाय गर्दै आउनु भएका नागरिक सहित ६ जनाले आफ्नो ज्यान गुमाइ सक्नु भएको छ भने उहाँहरु लगायत स्वदेश तथा विदेशमा कोभिड-१९ का कारण दिवंगत हुनु भएका हजारौं नेपाली दाजुभाइ तथा दिदि बहिनीहरूको आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति प्राप्तिको कामना समेत गर्दछु । संक्रमणमा परी उपचाररत रहनु भएका सम्पूर्ण दिदी-भाइ दाजु-बहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यो चुनौतिपूर्ण घडीमा महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा योगदान पु-याउनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधि, राजनैतिक दल, निजी तथा व्यवसायिक क्षेत्र, संचार जगत र कोरोना रोकथाम उपचार कोषमा रकम उपलब्ध गराउने सबै महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

३. "समृद्ध नेपाल सुखी नेपाली" भन्ने नारा सहितको राष्ट्रिय अभियानलाई आत्मसात गर्दै यस गाउँपालिकाको तर्फबाट ***"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन पूर्वाधार - छथर जोरपाटी समृद्धिका आधार"*** भन्ने दीर्घकालीन सोचलाई मुख्य पथप्रदर्शनको रुपमा अंगीकार गर्दै वर्तमान र भविष्यमा प्राप्त हुने सम्पूर्ण श्रोत र साधनको परिचालन गर्ने कार्यमा केन्द्रित रहने गरी यो वजेट प्रस्तुत गर्ने प्रयत्न गरेको छु ।

४. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु, राज्यले अवलम्बन गरेको समाजवाद उन्मुख अर्थतन्त्र, नेपाल सरकारको चालु पन्ध्रौं पञ्च वर्षिय योजना, नेपाल सरकारको आ.व. ०७८/०७९ को बजेट, १ नं. प्रदेश सरकारबाट लागू गरिएको पञ्च वर्षिय आवधिक योजना, प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको आ.व. ०७८/०७९ को बजेट, हालै पारित गरिएको यस गाउँपालिकाको २०७८।०७९ को नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, लैंगिक उत्तरदायी बजेटको सिद्धान्त, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर–सरकारी वित्त व्यस्थापन ऐन, २०७४,

स्थानीय तहको मध्यकालीन खर्च संरचना दिग्दर्शन, २०७८, यस गाउँपालिकाको पञ्च वर्षिय योजना, विगत चार वर्षको प्रयासबाट हासिल गरेको उपलब्धि, मिति २०७८ असार ९ गते यसै सभाबाट पारित नीति तथा कार्यक्रम, सरोकारवाला साझेदार संघ संस्था तथा विज्ञहरुबाट प्राप्त सुझाव, अन्य प्रचलित कानून, हालको कोभिड-१९ को महामारीका कारण सिर्जना भएका चुनौतिहरु समेतलाई ध्यानमा राखी यो बजेट तर्जुमा गर्ने प्रयत्न गरेको छु ।

५. माहामारीका कारण असामान्य बन्दै गएको मुलुकको आर्थिक सामाजिक अवस्थालाई पुन: सामान्य अवस्थामा ल्याउन यस गाउँपालिकाको बजेटको आकारलाई मनन गरी उचित व्यवस्था मिलाउने प्रयत्न गरेको छु । यो आर्थिक वर्षको वजेट गत आ.व.हरुको वजेट भन्दा आम नागरिकहरुको जीवन रक्षासँग बढी सरोकार राख्ने गरी अघि सारिएको छ | हामीलाई आई परेको चुनौतिको सामना गर्नु बाहेक अर्को विकल्प नभएकै कारण यो वर्षको राजस्व र व्ययको अनुमान लचिलो किसिमको बनाउनै पर्ने बाध्यता समेत रहेको छ भने हामीबाट थालिएका गाउँपालिकास्तरीय गौरवका आयोजनाहरु सञ्चालन तथा समापन गर्नका लागि वजेटको ठूलो अंश सो आयोजनाहरुमा खर्च गर्नु परेकोले सदा झैं साना आयोजनाहरुमा वजेटको हिस्सा कम रहेको व्यहोरा समेत अवगत गराउँदै समय परिस्थिति अनुसारको व्यवस्था गर्दै जाने गरी हामी अघि बढीरहेको व्यहोरा सम्मानित सभामा राख्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

६. मुलुक समृद्धिका लागि स्थीर सरकारको उपस्थिति अपरिहार्य छ । देशको राजनैतिक घट्नाक्रम केही अस्थिर देखिएको भए पनि हामी हाम्रो विकासका गतिविधिमा अविचलित ढङ्गले आफ्नै गतिमा अघि बढिरहेका छौं । संघीय शासन पद्धतिको मूल आधारको रुपमा रहेको स्थानीय सरकारको समुन्तति नै राष्ट्रिय सम्वृद्धिको पहिलो सूचक पनि हो । मुलुकमा व्याप्त महामारी, सिमित स्रोतसाधनका बावजुदमा पनि विगत चार आर्थिक वर्षमा यस गाउँपालिकाले जुन रफ्तारमा बिकासको फड्को मार्न सक्यो त्यो क्षण अविष्मरणीय छ । सुखद एवं ऐतिहासिक समेत छ तर आज हामी माझ माहामारी र त्यसले सिर्जना गरेका चुनौतिहरु, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा आएको संकुचन, न्यून आन्तरिक आय, उत्पादित कृषिजन्य वस्तुहरुको निकासीमा आएको मन्दी, यातायात व्यवसाय, होटल व्यवसाय, पर्यटन व्यवसायमा आएको गिरावट र एकोहोरो पैठारीमा भएको वृद्धिले गाउँपालिकाको समग्र आर्थिक वृद्धिको अवस्था सोचे जस्तो नहुनु हाम्रो बाध्यता बन्न पुगेको छ ।

७. वित्तीय क्षेत्र तर्फ यस गाउँपालिका अन्तर्गत हाल सम्म "क" वर्गका बाणिज्य बैंक २ वटा सञ्चालनमा रहेका, "ग" वर्गको १ र "घ" वर्गका वित्तीय संस्थाहरु ९ वटा चालु अवस्थामा रहेका छन् भने सहकारी संस्थाहरु ४७ वटा स्थापना भई चालु अवस्थामा रहेका छन् । यी वित्तीय संस्थाहरुको उपस्थितिले पूँजीबजारको विकासको संभावनाको ढोका खुलेको अवस्था छ जसबाट यस गाउँपालिकाको वित्तीय समुन्तिको आधार तयार भएको अवस्था छ ।

८. सामाजिक तथा आर्थिक क्षेत्रको अहिलेसम्मको अवस्था भने उत्साहजनक छ । यस गाउँपालिकाको शिक्षा ऐन, २०७५ पारित भई २८ वटा सामुदायिक विद्यालय र ७ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेका छन् भने सोही आधारमा गाउँ शिक्षा समिति, वडा शिक्षा समिति गठन भएका छन् । सबै सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास अन्तर्गत नर्सरी र केजी कक्षाको व्यवस्था गरिएको, नर्सरी र केजी कक्षाको लागि शिक्षक, दिवा खाजा, झोला र अंग्रेजी माध्यमको पाठ्यपुस्तकको व्यवस्था गरी शिक्षाको जग बलियो बनाउने प्रयत्न गरेको तथा शिक्षालाई प्रतिस्पर्धी र गुणस्तरीय बनाइएको छ । क्रमशः कक्षा ३ सम्म अंग्रेजी माध्यमको पाठ्यपुस्तकको नि:शुल्क व्यवस्था गर्ने घोषणा गरी लागू गरिएको छ । शिक्षक नियुक्ति पदपुर्ति व्यवस्थापन कार्यविधि, २०७५ जारी गरी गाउँपालिकाका तीन प्रस्तावित माध्यमिक विद्यालयमा ३ जना, प्रस्तावित आ.वि.मा २ जना तथा केजी कक्षाकों लागि २५ जना नयाँ शिक्षक दरबन्दी सिर्जना गरी नियुक्ती गरिएको, दरबन्दी मिलान गरी शिक्षकहरु समायोजन गरिएको छ ।

उपाध्यक्ष

९. यसैगरी शैक्षिक गुणस्तर कायम गर्न विद्यालयका प्रधानाध्यापकसँग गाउँपालिकाद्वारा वार्षिक कार्य सम्पादन करार सम्झौता गर्ने व्यवस्था थालनी गरिएको, सबै विषय शिक्षकले विगत शैक्षिक सत्रको सिकाई उपलब्धीमा अनिवार्य २% ले वृद्धि गर्नुपर्ने , ३ वर्षसम्म निरन्तर शर्त बमोजिम सिकाई उपलब्धी नभए नसिहत दिने र उत्कृष्ट सिकाई उपलब्धी हासिल गराउन सकने विषय शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरिएको छ । विज्ञान प्रयोगशाला, पुस्तकालय र छापायुक्त कक्षा कोठा व्यवस्थापन सहित शिक्षण सिकाइको व्यवस्था गरिएको छ । यसै आ.व.देखि सरस्वती मा.वि. सिधुवालाई नमूना विद्यालयको रुपमा सञ्चालनका लागि रु. ३ करोड ४६ लाख ७७ हजारको कुल लागतमा विद्यालय भवन निर्माण कार्य अघि बढाइएको छ भने सोही विद्यालयको आन्तरिक व्यवस्थापन गर्न बालबालिकाका लागि आवतजावत गर्न बस खरिद गर्ने कार्य अघि बढाइएको छ । चुलाचुली मा.वि.मा क्रमागत वजेट व्यवस्था हुने गरी यो आ.व.मा रु. २६ लाखको लागतमा प्राविधिक कक्षा सञ्चालन गर्ने गरी प्रक्रिया शुरु गरिएको छ । सामूदायिक विद्यालयको शैक्षिक अवस्था, विद्यार्थी संख्या, शिक्षक संख्यामा, कक्षागत विषयगत सिकाई उपलब्धी सहितको प्रतिवेदन तयार गरिएको छ । यी शैक्षिक क्रियाकलापहरुलाई निरन्तर अनुगमन तथा मूल्यांकन पद्धतिबाट अघि बढाउने गरी बजेट व्यवस्थापन गर्ने प्रयत्न गरेको छु ।

१०. युवा तथा खेलकुदका क्षेत्रमा ***'एक वडा एक खेल मैदान कार्यक्रम'*** अनुसार जोरपाटी खेल मैदान र सिंधुवा खेलमैदान र हात्तिखर्क खेलमैदान निर्माण कार्य शुरु गरिएको छ । खेलकुद ग्रामको रुपमा सिंधुवा खेलमैदानको स्तरोन्ती गरी सोही स्थानमा हिउँद र वर्षायाममा समेत खेलहरु खेल्न सक्नेगरी रु. १ करोड १ लाख ५३ हजारको लागतमा यसै आ.व.देखि फुटसल निर्माण कार्य अघि बढाइएको छ । वडास्तरिय फुटबल प्रतियोगिता, स्थानीय तह बीच खेलकुद प्रतियोगिता सन्चालन गरी खेलाडीहरुलाई प्रोत्साहन गरिएको छ । राष्ट्रपति कप प्रतियोगिता आयोजना गरी पदक बिजेताको आधारमा विद्यालयहरुको खेलकुद वरियताक्रम निर्धारण गरिएको छ । प्रत्येक वडामा युवाक्लब गठन तथा युबा परिचालन सम्बन्धी कार्ययोजना वनाई गठन गरिएको र युवा संसदको आभ्यास गर्न थालिएको छ । ५ बर्षभित्र १००० युवाहरुलाई बिभिन्न सीपमुलक तालिम दिने कार्ययोजाना निर्माण गरी लागू गरिएकोमा आ.ब.२०७४/७५ देखि सिलाई कटाई, ढाका कपडा बुनाइ ड्रेस मेकर, डकर्मी, दुग्ध परिकार बनाउने, कुक, ड्राइभिङ्ग, मोबाइल मर्मत, मौरी पालन, वाँसबाट बन्ने सामग्रीको तालिम, पत्रकारिता, कम्प्यूटर, थुक्पा बनाउने र फलफूलको जुस बनाउने तालिम गरी यो आ.व.सम्ममा कूल ४१३ जनालाई तालिम दिईएको छ । यो आ.व.को बजेटले हालको बन्दाबन्दीका कारण बैदेशिक तथा स्वदेशी रोजगार गुमाएका युवाहरुलाई राष्ट्र निर्माण अभियानमा जुटाउने प्रयास समेत गरेको छु ।

११. महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरीक, आदिवासी जनजाती र दलितको क्षेत्रमा महिला समुह गठन गरी परिचालनका लागि "समूह समिति गठन तथा व्यवस्थापन कार्यबिधि " अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र प्रदान गर्नको लागि " अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि " जारी गरिएको छ । महिला समूह, एकल महिला समूह वडास्तर र पालिकास्तरको गठन सशक्तिकरण तथा तालिम प्रदान गरिएको, समूहहरुलाई दिगो परिचालनको लागि "विउ पुजी कोष सञ्चालन कार्यविधि" बनाई प्रत्येक वडामा बिउ पूँजी रकम प्रदान गरिएको छ । प्रत्येक आधारभूत तथा माध्यमिक विद्यालयमा बाल क्लब, टिन्स क्लव गठन गरी पालिकास्तरको बाल क्लव गठन गरिएको, यस प्रकारको बाल क्लवको क्षमता अभिवृद्धि तथा नेतृत्व विकास सम्वन्धी तालिम प्रदान गरिएको, बालमैत्री स्थानीय शासन सम्बन्धी साक्षत्कार गरिएको, बाल विवाह न्यूनिकरण, लागूपदार्थ दुर्व्यसन नियन्त्रण, ट्राफिक नियमको पालना, विपदमा स्वयमसेवी भावनाको जागृत गराउने तालिम प्रदान गरिएको छ । अपाङ्गता जन्मदर नियन्त्रण तथा पुनर्स्थापना गर्न प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, करुणाफाउन्डेसन र पालिकाको ३ वर्षे कार्यक्रमका लागि त्रिपक्षीय सम्झौता गरी गत आ.व.देखि सन्चालन भएको कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट विनियोजन गरेको छु । यसैगरी सबै मा.वि.तहका विद्यालयहरुमा नेपाल स्काउट टीमको गठन गर्नका लागि बजेट विनियोजन गरेको छु ।

१२. हाल सम्मको अपाङ्गता भएका व्यक्तिहरुको नयाँ तथ्यांक अनुसार ३०७ जनालाई कानून वमोजिम अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ जसमा "क" वर्गको परिचय पत्र प्राप्त गर्ने ५३ जना, "ख" वर्गको परिचय पत्र प्राप्त गर्ने

११० जना, "ग" वर्गको परिचय पत्र प्राप्त गर्ने ६७ जना, "घ" वर्गको परिचय पत्र प्राप्त गर्ने ७७ जना, रहेका छन्। अपाङ्गता सहायक सामग्री वितरण, साङ्केतिक भाषा सिकाई वडा स्तरको तथा पालिकास्तरको अपाङ्ग सेवा समाज गठन तथा परिचालन गरिएको छ। जेष्ठ नागरिकको तथ्याङ्क सङ्कलन गरी १७९५ जना मध्ये ६३० जनाले परिचय-पत्र लिएको, यस मध्य जेष्ठ सामाजिक सुरक्षा भत्ता ९४७ जनाले प्राप्त गरिरहनु भएको छ भने एकल र विधवा महिला सहित ४७१ जना र दलित बालबालिका ११७ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नु भएको छ। यही चालु आ.व.मा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको कार्यक्रम अन्तर्गत विगतका गाविसहरुमा रहेको अभिलेख समेतका आधारमा २६ हजार ८९४ जनाको घटना दर्ता अभिलेखलाई नेपाल सरकारको केन्द्रीय अभिलेख प्रणालीमा अन लाइन इन्ट्री गर्ने कार्य सम्पन्न भएको छ। घट्ना दर्ता शिविर सञ्चालनको कार्य थालनीका लागि समेत यसै आ.व.मा हुने व्यहोरा अवगत गराउन चाहन्छु। यस अतिरिक्त जेष्ठ नागरिक सम्मान कार्यक्रम, घरदैलो जेष्ठ स्वास्थ्य जाँच, जेष्ठ नागरिक तीर्थ यात्रा, ज्येष्ठ नागरिक पार्क निर्माण जस्ता प्रत्यक्ष लाभको कार्यक्रम राखिएकोमा कोभिड-१९ महामारीका कारण चालु आ.व.मा सञ्चालन गर्न नसकेकोले यि कार्यक्रमहरुलाई पुन: निरन्तरता दिने गरी वजेट विनियोजन गरेको छु।

१३. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तर्राष्ट्रिय नारी दिवश लगायत विभिन्न अभियान तथा दिवशका माध्यमबाट समाजमा रहेको कुरिति, बिसंगित, सामाजिक भेदभावको अन्त्य गराउने प्रयत्न गरिएको छ भने बहुलवाद सहितको समाजबाद उन्मूख कार्यक्रमलाई सम्वोधन गर्ने कार्यक्रहरू सञ्चालन गरिएका छन्| यस पालिकामा बसोबास गर्ने विभिन्न आदिबासी जनजातिहरुको धार्मिक, सांस्कृतिक तथा भाषिक पहिचानसँग जोडिएका संस्कार, चाडपर्व, भेषभुषा, रीतिरिवाज, कला, भाषा, साहित्य तथा मौलिक प्रविधि हस्तान्तरणमा टेवा पुरयाउने गरी बजेट व्यवस्थापन गर्ने प्रयत्न गरेको छु।

१४. आधारभूत स्वास्थ्य सेवाको पहुँच सबै वडाहरुमा विस्तार भएको छ। हाल चालु रहेको २४ घण्टे प्रसुती सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ | बालबालिकाको बाँच्न पाउने अधिकार, गर्भवती आमाको स्वास्थ्य रक्षा, नवजात शिशुको स्वास्थ्य रक्षा, सुरक्षा, खोप सेवा लगायतका सबै सम्बन्धित कार्यक्रमहरु निरन्तर सञ्चालनमा राखिएका छन्। स्वास्थ्य क्षेत्रमा भएका महत्वपूर्ण कार्यहरुमध्ये तेलिया स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भइ सञ्चालनमा आएको छ भने हातिखर्क स्वास्थ्य चौकीको भवन निर्माणाधिन अवस्थामा छ। वडा नं. २ र ५ मा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गरी इकाई स्थापना गरिएको छ भने एक वार्ड एक स्वास्थ्य चौकीको अवधारणा अनुसार २ र ५ नं. वडामा छुट्टाछुट्टै रु. ७६ ला ७० हजारको लागतमा शौचालय सहितको भवन तयार भइ यसै आ.व.देखि आधारभूत स्वास्थ्य सेवा सञ्चालनमा ल्याइएको छ। ६ नं. वडामा ७ करोड १ लाख ७ हजारको लागतमा ५ शैयाको सुविधा सम्पन्न अस्पताल निर्माण कार्य प्रक्रिया थालनी भइसकेको छ। महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल भर एक पालिका एक अस्पतालको नीति अनुरुप यस पालिकामा यसै आ.व.मा वडा नं. २ मा कोभिड अस्पताल स्थापना भइ तोकिएको जनशक्ति सहित कार्य सञ्चालनमा ल्याइएको छ। गुणस्तरीय स्वास्थ्य सेवाको लागि हातिखर्क, परेवादिन र तांखुवा स्वास्थ्य चौकीमा ल्याब सेवा प्रदान गरिएको छ। यस गाउँपालिकाको १४ स्थानमा रहेको गाउँघर क्लिनिकमा महिनाको २ दिन आधारभूत स्वास्थ्य जाँच, औषधी वितरण, गर्भवती जाँच तथा खोप कार्यक्रम सञ्चालन गरिएको छ। ती गाँउघर क्लिनिकमा आवश्यक पर्ने औजार, मेसिन, औषधी र बेडको व्यवस्थापन गरिएको छ। यी सञ्चालित गतिविधिबाट आम नागरिकहरुको आधारभूत स्वास्थ्य सम्बन्धी हकलाई प्रत्याभूत गर्दै लैजाने थालनी भएको छ। यो बजेटले मानवको स्वस्थ्य जीवन जीउने अधिकारलाई थप टेवा दिने गरी कार्यक्रमहरु अघि सारेको छु।

१५. हात्तिपाइले रोग बिरुद्धको अभियानलाई व्यापक रुपमा कार्यान्वयन गराइएको, खकार जाँचका माध्यमबाट क्षयरोग पत्ता लगाइएको, राष्ट्रिय भिटामिन ए कार्यक्रम सफलतापूर्वक सञ्चालन भएको छ। यस गाँउपालिकालाई गत आ.व.मा नै पूर्ण खोप सुनिश्चितता घोषणा गरिएकोले त्यस कार्यक्रमको नियमित फलोअप गर्ने कार्य रहेकोछ। गाँउपालिकाको स्वास्थ्य विशेष सहायता कोष सञ्चालन कार्यविधी बनाई कडा रोग अन्तर्गतका मुटुरोगी, क्यान्सर, मृगौला पिडीत, अल्जाइमर्स, मेरुदण्ड भाँचिएका लगायतका विरामीहरुलाई बिशेष सहायता प्रदान गरिएको छ। नियमित गर्भवती जाँच गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउने आमा र बच्चाको प्रोत्साहन स्वरुप ***"उपाध्यक्षसँग***

*जीवन रक्षा कार्यक्रम"* सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिने गरी बजेट व्यवस्थापन गरिएको छ।

१६. खानेपानी तथा सरसफाइको क्षेत्र तर्फ जोरपाटी गुराँसे खानेपानी योजना रु ९७ लाख ८७ हजारको लागतमा निर्माण भइ सम्पन्न हुने चरणमा रहेको छ। सा-साना समुदायमा खानेपानी ट्याङकी निर्माण,पाइपलाइन विस्तार गरी जनतालाई शुद्ध खानेपानीको व्यवस्था गरिएको छ । स्वास्थ्य तथा सरसफाई ऐन र सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधिजारी गरी कार्यान्वयनमा ल्याइएको छ । सिधुवा बजार, जोरपाटी बजार, चुलाचुली बजार र काजीमान बजारको समेत फोरहमैला संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने गरी वजेट व्यवस्थापन गरेकोछु। फोहोरमैला व्यवस्थापनको सहजताको लागि गाउँपालिकाको सहयोगमा मुख्य बजारहरुमा डस्टविन, धारा, प्लेट निर्माण गरिएको, वातावरण स्वच्छ, सफा, सुन्दर, मनमोहक र हरियाली बनाउन बजारबासीको साझेदारीमा सडकको दायाँ वायाँ गमला राखी धुपी विरुवा तथा अन्य फूल रोपिएको, पूर्ण सरसफाई सचेतना तालिम प्रदान गरिएको, सेफ्टी ट्याङ्की तथा वाटर सिल सहित शौचालय व्यवस्थापनका लागि प्रोत्साहन गरिएको छ । आगमी वजेटमा समेत यी गतिविधिहरुलाइ निरन्तरता दिने गरी वजेट व्यवस्थापन गरेको छु । दलित समुदायका गुणस्तरीय जीवनको आधार निर्माणका लागि एक घर एक उपहार कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु। यसै आ.व.मा तमोर नदीको पानी लिफ्टिङ प्रणालीबाट छथर वृहत खानेपानी आयोजना थालनी गरिने छ।

१७. कृषि तथा पशुपन्छी विकास तर्फ कृषि व्यवसायलाई आधुनिक व्यवस्थित व्यवसायिक तथा प्रविधिकरण तर्फ लैजान तरकारी खेतिका लागि उन्नत विउबिजन वितरण गरिएको, कृषिलाई आधुनिक प्रविधिसँग जोड्न कृषि यन्त्र उपकरणहरु वितरण गरिएको, रासायनिक मल विषादीको प्रयोग न्युनीकरण गर्न २०० भन्दा बढी भकारो सुधार तथा मुत्र संकलन केन्द्र निर्माण गरीएको, हिऊँदे तथा वर्षे फलफुलको विरुवा वितरणको लागि निर्देशिका बमोजिम अनुदानमा विरुवा रोपी बगैचा तथा व्यवसायिकीकरण गराउने गरी कार्यक्रम अघि बढाइएको, मकै, खोर्सानी, किवी, दाँते ओखर र बदाम पकेट क्षेत्र घोषणा गरी कृषकहरुलाई उत्तसाहित गरिएको छ । यसैगरी नेपाल सरकार विशेष अनुदान मार्फत किविका बिरुवा २७ सय, एभोकाडो बिरुवा २५ हजार ५ सय, कागति १६ हजार ५ सय, सुन्तला ३ हजार, आँप १६ सय, लिची ५ हजार, अनारका बिरुवा २ हजार गरी ५६ हजार ३ सय थान फलफूलका बिरुवाहरु बितरण गरी फलफूल खेति तर्फ कृषकहरुलाई व्यवसायिक बाउने प्रयास गरिएको छ। २० रोपनी सरकारी जग्गामा चिया बगान बिस्तार कार्यक्रम सञ्चालन गरी बाँझो सरकारी जग्गालाई सदुपयोग गर्ने प्रयास गरिएको छ। हसे कृषक पाठशाला सञ्चालन गरिएको, कृषि चुन अनुदान दिइएको, जडीबुटीको पहिचान तथा सम्भाव्यता सहितको अध्ययन तथा प्रतिवेदन प्राप्त भएको छ। मत्स्य पोखरी निर्माण, साना सिचाई आयोजनाहरु समेत सन्चालनमा ल्याइएको छ। आगामी आ.व.मा समेत यी कार्यक्रम तथा आयोजनाहरुलाई निरन्तरता प्रदान गर्ने गरी बजेट व्यवस्थापन गरिएको छ । यसैगरी कृषि तथा पशुपालन व्यवसायमा रोजगारी बन्न चाहने युवा वर्गलाई ***"बिना धितो बिना ब्याज सोधभर्ना सापटी रकम"*** युवा व्यवसायीहरुलाई प्रदान गरिएको, युवा स्वरोजगार व्यवसायिक प्रवर्द्धन कार्यक्रम अन्तर्गत बाख्रा फार्म, गाई फार्म, बंगुर फार्म, कुखुरा फार्म कृषकहरुलाई पकेट कार्यक्रम मार्फत अनुदान दिइएको छ। कृषि तथा पशुपंक्षी सेवाबाट यी कार्यक्रमहरुलाई निरन्तरता दिने गरी बजेट व्यवस्था मिलाएको छु।

१८. पर्ययटन विकासका लागि धनकुटा जिल्लाकै सबैभन्दा अग्लो स्थान पटेक डाँडामा पर्यटन मन्त्रलय र पालिकाको लागत साझेदारीमा स्टिल रेलिङ सहितको पदमार्ग तथा पर्यटन स्थल निर्माण कार्य रु. १ करोड ३० लाखको कुल लागतमा अघि बढिरहेको छ । यस गाउँपालिकामा रहेको विभिन्न धार्मिक, ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक प्रर्यटकीय मनोरम स्थलहरुको बृत्तचित्र निर्माण भएको छ| गुराँसे ध्वजेक्षेत्रको पर्यटन विकासका लागि ध्वजे डाडामा पैदल मार्ग निर्माण हुने क्रममा रहेको छ । सिधुवा बजारमा पालिकाको प्रतिकको रुपमा फूल कोवि स्तम्भ निर्माण, तेलियामा चमेरे गुफा संरक्षण चुलाचुलीमा पोखरी निर्माण, निशान मौलो संरक्षण, हात्तीखर्कमा निर्मित हात्तीको स्तम्भलाई संरक्षण गर्ने कार्य गरिएको छ। विभिन्न मन्दिर, गुम्बा, माङहिम र चर्चहरुको पुनर्निर्माण, मर्मत सम्भार तथा निर्माण गरिएको छ । प्रर्यटन प्रवर्द्धन गर्न पालिका स्तरको प्रर्यटन प्रवर्द्धन समिति गठन भएको, चमेरे गुफा संरक्षण

जोरपाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोरपाटी, धनकुटा २०७३

अध्यक्ष

समिति र मौलो निशान एकिकृत क्षेत्र विकास समिति गठन भई क्रियाशिल रहेको छ। मौलिक काठको रोटे पिड, रुम्भा गुफा तथा पोखरी, मुजुर छोप्ने गुफा, सितारानी, चिम्लीङ ताम्लीङ यक, थाकेलुङ, महादेव गुफा, तेहक्षेत्र, अप्पुले चावुले, पाथीभरा, कालिका, त्रिवेणीधाम, छावा गुफा, भारामुखी झरना, फाप्रे झरना, तेलिया खोला, चुला गुफा, हात्ती बाँध्ने ढुङ्गालाई पर्यटकीय गन्तव्य पहिचान गरिएको छ भने यो बजेटले यस्ता क्षेत्रहरुको सम्वर्द्धन र बिकासमा टेवा पुग्ने गरी बजेट नियोजन गरेको छु।

१९. गाउँपालिकाबाट भएका संस्थागत उपलब्धिहरु तर्फ गाउँपालिकाको आफ्नै प्रशासनिक भवन रु. ३ करोड ७२ लाखको लागतमा निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ भने गाउँपालिका सामुदायिक भवन निर्माण कार्य सम्पन्न भइ सञ्चालनमा आएको छ। ६ वटै वडामा इन्टरनेट सुविधा प्रदान गरी सफ्टवेयर तथा कम्प्यूटर मार्फत सबै सेवा प्रवाह गर्ने कार्य थालनी भएको छ। करको दायराहरु खोजी गरी आन्तरिक आय वृद्धि गर्ने प्रयत्न गरिएको छ। इलेक्ट्रोनिक हाजिरी, सि.सि. क्यामेरा जडान, पत्रपत्रिका, रेडियो एफ.एम मार्फत जानकारी सूचना सार्वजनिक गरिएको गुनासो सुन्ने धिकारी, सूचना अधिकारी, गुनासो पेटीका र नागरिक वडापत्र जस्ता व्यवस्था गरी जनता तथा सेवाग्राही प्रति सदाचार, पारदर्शी र सुशासन कायम गर्न प्रयत्न गरिएको छ।

२०. यसैगरी लेखापालन व्यवस्थापनलाई व्यवस्थित एवम् सुशासित बनाउन नेपाल सरकारबाट तयार गरिएको सूत्र प्रणाली कार्यान्वयनमा ल्याइएको छ भने करदाताहरुको सेवा सुविधालाई ध्यानमा राखी ट्याक्स पोर्टल निर्माण गरी करदाताहरुलाई सो प्रणालीका बारेमा अभिमुखीकरण गरी आफ्नो घरैमा बसी कर तथा राजस्व भुक्तानी गर्न सक्ने व्यवस्था यसै आ.व.बाट सञ्चालनमा ल्याइने छ। सेवाग्राहीहरुको सेवालाई प्रभावकारी बनाउनका लागि इ सिफारिस, अनलाइन दर्ता चलानी गर्ने गराउने कार्य थालनी भै सकेको छ भने कार्यालयको जिन्सी व्यवस्थापनलाई कम्पुयटर प्रणाली मार्फत सञ्चालन गर्ने गरी थप व्यवस्थित गरिएको छ। पेश्की शुन्य नीति कडाईका साथ अवलम्बन गरी आर्थिक प्रशासनलाई चुस्त दुरुस्तराख्न प्रयत्न गरिएको छ। वडा नं. ३ मा क्रमागत बजेटका आधारमा यो वर्ष १ करोडको लागतमा औद्योगिक ग्राम निर्माण कार्य सञ्चालनमा रहेको छ । संघीय सरकारको कार्यक्रमबाट सुरक्षित नागरिक आवास तथा जनता आवास कार्यक्रम अन्तगर्तग फुसको छानो हटाई टीनको छानो लगाइदिने कार्य थालनी भएको छ। आगामी आ.व.मा समेत यस कार्यलाई निरन्तरता प्रदान गर्ने गरी बजेट विनियोजन गरेको छु।

२१. आम नागरिकहरुबाट समयमा सम्पत्ति तथा भूमि कर दाखिला हुन नसकेको कारण गाउँपालिकाको लक्ष अनुसार आन्तरिक आय संकलन हुन सकेको छैन भने आम नागरिकहरु समेत समयमा कर चुक्ता नगरेकै कारण सालबसाली करको भार थपिँदै सम्पत्ति तथा भूमिकर तिर्नकै लागि आफुसँग भएका जग्गा जमिन नै बेच्नु पर्ने अवस्थामा पुगेका छन् । यो अवस्थालाई समयमै निर्मूल गर्ने उद्देश्यले निश्चित अवधिका लागि यस आ.व.मा कर छुट दिने गरी आर्थिक विद्येयक समेत प्रस्ताव गरेको छु। जस अनुसार वि.सं.२०७० साल सम्मको सम्पत्ति तथा भूमि कर नबुझाउने करदाताहरुले यही २०७८ साउन मसान्त भित्र सबै कर दाखिला गरेमा ५० प्रतिशत, २०७८ भाद्र मसान्त भित्र सबै कर दाखिला गरेमा ४० प्रतिशत, २०७८ आश्विन मसान्त भित्र सबै कर दाखिला गरेमा ३० प्रतिशत, २०७८ कार्तिक मसान्त भित्र सबै कर दाखिला गरेमा २० प्रतिशत कर छुट दिने गरी कार्यक्रम प्रस्ताव गरेको छु। आ.व.०७८/०७९ को भूमि तथा सम्पत्ति कर र व्यवसाय करका हकमा २०७८ असोज मसान्त सम्ममा बुझाउनेलाई १० प्रतिशत कर छुट दिने नीति अघि सारेको छु।

२२. सडक पूर्वाधार बिकास तर्फ पूर्वाधार ऐन,२०७५ जारी गरी गाउँपालिका भित्रका सडकहरुको वर्गिकरण र सडक सीमा निर्धारण गरिएको छ। पालिकास्तरीय सडक, ग्रामिण तथा वस्ती, कृषि सडक, गोरेटो सडक समेतको नक्सा बनाई मूख्य सडकहरु तयार गरिएको छ। आगामी आ.व.मा समेत यस कार्यलाई निरन्तरता प्रदान गर्ने गरी बजेट विनियोजन गरेको छु। स्थानीय सरकारको रुपमा कार्यभार सम्हालेपछि २ कि.मि. पक्की तथा कालोपत्रे सडक, ३१ कि.मि. ग्राभेल, २६ कि.मि. ढुङ्गा सोलिङ्ग, ५६ कि.मि. सडक चौडा पारिएको र ९७ कि.मि. सडकको ट्रयाक खोली सडक स्तरोन्नति गरिएको छ। आगामी आ.व.मा समेत यस कार्यलाई निरन्तरता प्रदान गर्ने नीति अवलम्वन

उपाध्यक्ष

गरिनेछ। यसैगरी गाउँपालिकाको प्रशासकीय भवन जाने सडक, धनकुटा नगरपालिका-विहीवारे हटिया-कर्मिटार-बञ्चरे-तांखुवा-तेलिया-परेवादिन-शुक्रवारे सडक, सिंधुवा-मझुवा सडक, त्रिशुले-हात्तीखर्क सडक, जोरपाटी-चुलाचुली-काजीमाने-तेलिया-त्रिवेणी सडकको कालोपत्रे गर्ने कार्य यसै आ.व.मा थालनी गरिनेछ। सिंधुवा-पिपलडाँडा-गुवाबैंशी, फलैँचा-सल्ले-मूर्तिढुङ्गा, सिंधुवा-खरबारी, चुलाचुली-तेलिया खोला सडक स्तरोन्नति गरिनेछ। आम नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक विकाससँग जोडिएका महत्वपूर्ण सडकहरुको स्तरोन्नति गरिनेछ।

२३. जलस्रोत तथा सिँचाइ तर्फ प्रदेश सरकार अन्तर्गत सिंचाइ डिभिजन कार्यालय र उपभोक्ता समेतको संयुक्त लगानीमा आङलाली कुलो सिँचाइ योजना रु. ३ करोड १० लाख १४ हजारको कुल लागतमा ठेक्का स्वीकृत भइ निर्माण कार्य भइरहेको छ। सिंचाइ डिभिजन कार्यालयकै बजेटबाट वडा नं. ६ स्थित सल्ले खोला कुलो सिँचाइ आयोजना र वडा नं. १ स्थित ओडारे कुलो सिचाइ आयोजना निर्माण सम्पन्न भइ कार्यान्वयनमा आएको छ। नेपाल सरका, प्रदेश सरकार, स्वीस सरकार, गाउँपालिका र उपभोक्ताको लागत साझेदारीका आधारमा वडा नं. ५ स्थित सेक्टर टर्वाइन कुलो रु ८० लाख ८ हजारको लागतमा, वडा नं.३ स्थित याक्चना सिंचाइ आयोजना रु. ३४ लाख ८० हजार लागतमा, वडा नं २ स्थित सिस्ने कुलो सिंचाइ आयोजना रु. ५१ लाख ९ हजारको लागतमा निर्माण कार्य सम्पन्न भएको छ भने यस आ.व.मा वडा नं १ स्थित सिरान जनता कुलो सिंचाइ रु. ५५ लाख ४८ हजार को लागतमा र पुछार कुलो सिंचाइ आयोजना रु. ८९ लाख ५४ हजारको लागतमा, वडा नं. ६ स्थित थोड्ने कुलो सिंचाइ आयोजना रु ३८ लाख ९३ हजार कुल लागतमा, वडा नं. २ र ३ स्थित फाप्रे खार्डेप कुलो सिंचाइ आयोजना रु. ८० लाख १४ हजारको लागतमा निर्माण कार्य शुरु भएको छ। यसैगरी वडा नं. ३ को तिसमुरे कुलो सिंचाइ आयोजनाका लागि रु १७ लाख, वडा नं. ४ र ५ स्थित डुँडे कुलो सिचाई आयोजनाका लागि रु ३२ लाख, वडा नं. ४ र ५ कै रित्ते कुलो सिचाइ आयोनाका लाग रु ३२ लाख, दारी कुलो सिचाइ आयोजनाका लागि रु ८० लाख, भाङरे कुलो सिचाइ आयोजनाका लागि ७३ लाख र पुजारी सिचाइ आयोजनाका लागि रु. २७ लाख वजेट विनियोजन गरेको छु। सिंचाइ डिभिजन कार्यालयको लगानीमा चाचालाहाड सिंचाइ आयोजनाको डिपिआर तयार गरी निर्माण कार्य अगाडि बढाउन प्रस्ताव गरेको छु।

२४. नविकरणीय उर्जा तथा विद्युत तर्फ २६ जना किसानहरुको घरमा गोबरग्यास चुल्हो जडान गर्ने कार्य यसै आ.व.मा भइरहेको, विद्युत लाइन नपुगेका दूरदराजका निम्न परिवारका ५० घरधुरीलाई सोलार बत्ति वितरण गरिएको, गाउँपालिकाको प्रशासनिक भवन अगाडि परीक्षणका लागि ५ वटा सडक बत्ती जडान गरिएको, पटक पटक विद्युत लाइन अवरोध भइ जनताको सेवा प्रवाहमा नै अवरोध आउने समस्यालाई समाधान गर्न गाउँ कार्यापालिकाको कार्यालय, सबै वडा कार्यालयहरु र कोभिड अस्पालत तथा केही स्वास्थ्य चौकीहरुमा समेत सोलार प्यालनको माध्यमबाट ब्याट्री ब्याकअप व्यवस्थापन गरिएको छ। विद्युत लाइन तर्फ काठका जिर्ण पोलहरु विस्थापित गरी फलामे स्टिल पोल बिस्तार गरिएको छ। आवश्यकतालाई मध्यनजर राख्दै विद्युत प्राधिकरण र गा.पा.को साझेदारीमा ट्रान्समिटर खरिद गर्ने कामहरु भएका छन्। यी कार्यक्रमहरुलाई निरन्तर सञ्चालनका लागि वजेट विनियोजन गरेको छु।

२५. सञ्चार तर्फ गा.पा. भित्र सञ्चारका टावरहरु बिस्तार गरिएको छ। इन्टरनेटको पहुँच विस्तार गरी सेवा प्रवाह गराउन आवश्यक पहल भएको छ। गाउँपालिकाका सबै शाखा तथा वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र माध्यमिक विद्यालयहरुमा इन्टरनेत सेवाको पहुँच पुरयाइएको छ। गाउँपालिकाको कार्यालय र वडा कार्यलयहरुका निर्णय र सूचनाहरु स्थानीय पत्रपत्रिका, स्थानीय रेडियो, गाउँपालिकाको वेवसाइट मार्फतसमेत सार्वजनिकीकरण गरिएको छ। आगामी आ. व.मा सूचना तथा प्रविधि विकासलाई जनमैत्री बनाऊँदे लैजाने गरी कार्यक्रमहरु अघि सारिएका छन्। यी कार्यक्रम सञ्चालन गर्नका लागि समेत बजेट विनियोजन गरेको छु।

२६. विपद व्यवस्थापन तर्फ एक दिने सामुदायिक विपद् प्रतिकार्य तालिम युवाहरुलाई प्रदान गरिएको, विपद् व्यवस्थापन ऐन, २०७६, विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५ जारी गरी कार्यान्वयनमा रहेको, विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको, विपद् प्रतिकार्य योजना निर्माण गरिएको, विपद्

उपाध्यक्ष

ग) गाउँ ...

कर्मचारी र सरोकारवाला बीच अन्तरक्रिया व्यवस्थापन सामग्री खरिद गरिएको, विपद् सम्बन्धी जनप्रतिनिधि, आपत्कलिन हेलिप्याड निर्माण गरिएको, नेपाली सेना वरख गणको प्राविधिक सहयोग तथा गा.पा.को लगानीमा १ आपत्कलिन हेलिप्याड निर्माण कार्य भइरहेकोछ । विपद् र जोखिममा परेका गत आ.व. मा नै सम्पन्न भैसकेकोले सोको संरक्षण तथा रेखदेख गर्ने कार्य भइरहेकोछ । विपद् र जोखिममा परेका घर परिवारलाई सुरक्षित स्थानान्तरणका लागि प्रत्येक वडाहरुमा खुल्ला स्थान तोकिएको, अन्तराष्ट्रिय दिवस, भुकम्प दिवस विभिन्न कार्यक्रम गरी मनाईएको, अग्नि पिडीत तथा अविरल वर्षाका कारण घर गुमाउन पुगेका घरपरिवारलाई आपतकालीन राहत वितरण गरी निजहरुको घर निर्माणका लागि जिल्ला प्रकोप व्यवस्थापन समिति र यस गाउँपालिकाको साझेदारीमा घर निमार्णका लागि प्रति घर रु. ४ लाख का दरले १४ घरधूरीलाई निजी आबास बनाउन रकम उपलब्ध गराउने कार्य प्रक्रिया अगाडि बढाइएको छ । आगामी दिनमा हुन आउने प्रकोपलाई समेत मध्यनजर राख्दै उचित बजेट विनियोजन गरेको छु ।

२७. नेपालको संविधानको धारा २१७ वमोजिम गठित न्यायिक समिति स्थापना पछि यस समितिमा आ.व.२०७४।०७५ देखि हालसम्ममा जम्मा १२५ वटा मुद्दा दर्ता भई हालसम्म ९६ वटा फर्छयौट भएको, मुद्दा १३ वटा मुद्दा क्षेत्राधिकार भन्दा बाहिर परेकोले सम्वन्धित निकायमा कारवाहीको लागि अनुरोध गरी पठाइएको छ । तामेलीमा रहेको मुद्दा संख्या १ रहेको छ भने मुद्दा दर्ता गरी तारिख छाडी डिसमिस भएको १५ वटा रहेका छन् | यी सबै मुद्दाहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४७ को उप दफा (२) वमोजिम मेलमिलापको माध्यमबाट मिलापत्र गराई विवाद निरुपण गरिएको छ | दफा ४७ (१) वमोजिम न्यायिक समितिले सिधै निरुपण गर्ने प्रकृतिका विवाद दर्ता नभएको अवस्था रहेको छ । मेलमिलाप केन्द्र तथा यस पालिकाको न्यायिक समिति सञ्चालनका लागि न्यायोचित वजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय !**

अव छथर जोरापटी गाउँ कार्यपालिकाको चालु आ.ब.को यथार्थ तथा यस आ.ब.को संशोधित बजेट खर्च र आगामी आ.व.को लागि आय व्यय अनुमान पेश गर्न चाहन्छु ।

चालु आ.व. २०७७/०७८ को कुल अनुमानित वजेट रु. ३८ करोड ३६ लाख ६२ हजार रहेको थियो जसमा संघीय सरकारबाट वित्तीय समानीकरण अनुदानबाट रु. ८ करोड ६१ लाख, राजस्व बाँडफाँड तर्फ रु. ६ करोड १७ लाख, सशर्त अनुदान रु. १५ करोड ७२ लाख, समपुरक अनुदान १ करोड र विशेष अनुदान १ करोड प्राप्त हुने अनुमान गरिएको थियो । प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रु. ६९ लाख ८३ हजार, राजस्व बाडफाँड तर्फ रु.३१ लाख ३ हजार, सशर्त अनुदान १७ लाख १० हजार र समपुरक अनुदान १ करोड प्राप्त हुने अनुमान गरिएको थियो । यसैगरी आन्तरिक आय रु. ९५ लाख उठ्ने अनुमान गरिएको र अ.ल्या. रकम रु. २ करोड ७३ लाख १३ हजार रहेको थियो ।

२८. संशोधित आयव्यय अनुमान अनुसार संघ र प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त हुनु पर्ने अनुदानमा रु. ६ करोड ४८ लाख ५६ हजार रहेकोमा हालसम्म रु ४ करोड ८३ लाख २४ हजार मात्र प्राप्त भएको र १ करोड ६५ लाख ३२ हजार प्राप्त हुन बाँकी रहेको अवस्था विद्यमान छ । आन्तरिक आय कूल रु. ९५ लाख उठने अनुमान गरिएकोमा आजका मितिसम्म रु. ५८ लाख २५ हजार मात्र असुल हुन सकेको छ जसमा ३६ लाख ७५ हजार राजस्व उठन नसकेको अवस्था छ । कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका कारण एकोहोरो चालु खर्च मात्र गर्नु पर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। यसमा चालु तर्फ रु. २५ करोड ४५ लाख ९६ हजार र पूँजिगत तर्फ रु. १२ करोड ९० लाख ६६ हजार विनियोजन गरिएको थियो । यो रकम बाहेक विभिन्न कार्यक्रम तथा आयोजनाहरुमा संघीय सरकार प्रदेश सरकार र अन्य निकायहरु समेतबाट सामाजिक सुरक्षा वितरण तर्फ रु. ४ करोड ६३ लाख ८ हजार, संघीय सशर्त अनुदान थप वजेट ३ करोड ७० लाख ६५ हजार, प्रदेश सशर्त अनुदान तर्फ वजेट थप रु २४ लाख ९६ हजार, गरीबसँग विश्वेश्वर कार्यक्रमका लागि रु. ७ लाख ७७ हजार, स्थानिय पुर्वाधार विकास साझेदारी तर्फ रु. ५० लाख, एकिकृत स्वास्थ्य पुर्वाधार विकास

कार्यक्रम लागि रु. ७० लाख, पर्यटन पूर्वाधार निर्माण तर्फ ९१ लाख गरी CGAS बाट भुक्तानी भएको समेत कुल यथार्थ वजेट रु ४९ करोड ३४ लाख र चालु तथा पूँजीगत गरी संचित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा जम्मा हुन आएको कुल यथार्थ आय जम्मा रु. ४४ करोड २२ हजार प्राप्त हुन आएको छ । यसबाट हालसम्मको पूँजीगत खर्चको अवस्था रु ८ करोड ७० लाख ३१ हजार (४८.७२ प्रतिशत) र चालु खर्च रु. १८ करोड १ लाख ४१ हजार खर्च भइ (६८.९२ प्रतिशत) गरी कुल खर्च रु. २६ करोड ७१ लाख ७३ हजार (६०.७१ प्रतिशत) हुन गएको छ | यो महिनाको अन्त्य सम्ममा रु. १० करोड ३० लाख ८४ हजार खर्च थप भई कूल चालू तथा पुँजिगत खर्च रु, ३७ करोड २ लाख ५७ हजार खर्च हुने अनुमान छ |

२९. यसै सम्मानित गाउँ सभाबाट पारित नीति तथा कार्यक्रमका आधारमा तयार भएको यो आयोजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि विनियोजित बजेट र व्यहोरिने स्रोत अनुसूचीहरुमा विस्तृत रुपमा प्रस्तुत हुने हुँदा यहाँ संक्षेपमा मात्र प्रस्तुत गर्न चाहन्छु । आगामी आ.ब. २०७८/०७९ को लागि कुल वजेट रु. ४३ करोड ६७ हजारको जम्मा बजेट प्रस्ताव पेश गरेको छु जुन गत वर्षको तुलनामा ४ करोड ६४ लाख ०७ हजार वृद्धि भई १२.०९ प्रतिशतले वृद्धि हुन पुगेको छ । यसमा चालु तर्फ रु २९ करोड ७३ लाख २७ हजार र पूजिगत तर्फ रु १३ करोड २७ लाख ४० हजार रहने गरी बजेट विनियोजन गरेको छु ।

३०. अब माथि अनुमान गरिएको वजेटको व्यहोरिने स्रोतका रुपमा आन्तरिक आयबाट रु. ९७ लाख, नेपाल सरकारबाट प्राप्त वित्तीय समानिकरण तर्फ रु. ९ करोड १० लाख, राजस्व बॉडफाँडबाट रु. ६ करोड २१ लाख ८९ हजार, संघीय सरकारबाट सशर्त अनुदान तर्फ रु. २० करोड २३ लाख, विशेष अनुदान ८३ लाख र समपुरक अनुदान १ करोड ३९ लाख प्राप्त हुने अनुमान छ । त्यसैगरी प्रदेश सरकारबाट वित्तीय समानिकरण तर्फ रु. ५१ लाख १५ हजार, राजस्व बाँडफाँडबाट रु. ३० लाख ६१ हजार, समपुरक अनुदान रु. १ करोड सशर्त अनुदान रु. १ करोड २१ लाख ३३ हजार र अ. ल्या. रु. १ करोड ३ लाख ५४ हजार र करुना फाउन्डेसन बाट २० लाख १५ हजार समेत गाउँपालिकाको सञ्चित कोषमा आय जम्मा हुने अनुमान प्रस्ताव गरेकोछु । यसबाट चालु खर्च तर्फ रु. २९ करोड ७३ लाख २७ हजार र पूँजीगत तर्फ रु. १३ करोड २७ लाख ४० हजार विनियोजन गरेकोछु | सामाजिक सुरक्षा भत्ता, अन्य कार्यक्रम तथा आयोजना अन्तर्गत प्राप्त हुन आउने रकमहरु जो संघीय अन्तर सरकारी हस्तान्तरण कार्यक्रम सिग्यास ( CGAS) बाट भुक्तानी गर्नु पर्ने रकमहरु यो बजेट अंकमा समावेश नगरिएको व्यहोरा यस सभामा जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय !

३१. छथर जोरपाटी गाउँपालिकाको दीर्घकालीन सोँच र समृद्धिमा आधारित विकास निर्माण तथा सेवा प्रवाहलाई निर्धारित लक्ष प्राप्तिमा प्रतिफलदायी बनाउन र अधिकतम आन्तरिक स्रोत तथा श्रम शक्तिलाई परिचालन गर्नका लागि ***"छथर जोरपाटीको जन र मन - गाउँपालिकाको समृद्धिका लागि धन"*** भन्ने नाराका साथ विकास निर्माणमा जुट्न आह्वान गर्ने नीति अनुरुप अव म क्षेत्रगत विकास तर्फ विनियोजित बजेट सम्वन्धमा छथर जोरपाटी गाउँपालिकाको विनियोजन विद्येयक २०७८ को अनुसूची खण्डमा उल्लेख भइ पेश भएको हुँदा संक्षेपमा मात्र उल्लेख गर्न चाहन्छु ।

३२. भू-उपयोग नक्साका आधारमा गाउँपालिकाको सम्पूर्ण भू -भागलाई वर्गिकृत गरी समृद्धि निर्माणको कार्यमा उपयोग गर्न तयार पारिएको पन्च वर्षिय योजनाका आधारमा गाउँपालिकाको ठोस आवश्यकताहरुको पहिचान सहित गारउँपालिकाको समग्र भू-भागलाई उत्पादनमूलक बनाउन भू-उपयोग नक्सा तयार पारी भौतिक विकासको स्वरुप सुनिश्चित गरिनेछ । यसका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

उपाध्यक्ष

३३. आर्थिक विकास तर्फ कृषि पेशालाई व्यवसायीकरण गर्दै यस गाउँपालिकमा कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि प्रवर्द्धन कोष स्थापना, मध्यम प्रविधियुक्त बहुउद्देश्यी फलफूल नर्सरी कार्यक्रम , प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना समेतका लागि रु. १ करोड ५ लाख ८६ हजार विनियोजन गरेको छु भने पशु सेवा तर्फ दुध मिसन कार्यक्रम अन्तर्गत भैंसी पालन प्रवर्द्धन, छुर्पी प्रवर्द्धन कार्यक्रम, गोठ सुधार कार्यक्रम, कृत्रिम गर्भाधान कार्यक्रम समेतका लागि रु. ७५ लाख ६५ हजार विनियोजन गरेको छु। त्यसैगरी ***"उद्यमशीलताबाट रोजगारी र उत्पादनमा वृद्धि - यस गाउँपालिकाको हुन्छ समृद्धि"*** भन्ने नारालाई सार्थक तुल्याउने प्रयास गरेको छु । संभाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा बृद्धि गर्न प्रविधि हस्तान्नतरण तथा उद्योग वाणिज्यमा ३६ लाख, पर्यटन विकासका लागि रु. ४४ लाख २५ हजार, सहकारी क्षेत्रमा ४ लाख ३० हजार विनियोजन गरेको छु। यसैगरी जलश्रोत तथा सिँचाइ तर्फ ४ करोड ७२ लाख ८३ हजार गरी जम्मा आर्थिक विकासमा का लागि कुल रु. ७ करोड २ लाख २९ हजार विनियोजन गरेको छु।

३४. सामाजिक विकास तर्फ **"बालबालिकहरुलाई कक्षाकोठामा ल्याऔं, पढाईमा टिकाऔं र समाजमा विकाऔं"** भन्ने नारालाई सार्थक तुल्याउन शिक्षामा रु. १४ करोड १९ लाख ६१ हजार विनियोजन गरेको छु । बालबालिकाको बाँच्न पाउने अधिकार, गर्भवती आमाको स्वास्थ्य रक्षा, नवजात शिशुको स्वास्थ्य रक्षा, खोप सेवा लगायतका सवै प्रकारका स्वास्थ्य रक्षासँग सम्बन्धित कार्यक्रमलाई एउटै डालोमा राखी "उपाध्यक्षसँग जीवन रक्षा" कार्यक्रम सञ्चालन गरी बालबालिकाको भ्रुण रक्षा सहितको जीवन रक्षा र आमाहरूको मातृत्व रक्षा गर्न स्वास्थ्य तर्फ रु. २ करोड ८४ लाख ४८ हजार, खानेपानी तथा सरसफाईमा रु. १६ लाख ४२ हजार, साँस्कृतिक प्रवर्द्धनमा रु. १३ लाख ५ हजार, युवा रुप र युवा तथा खेलकुद विकासका लागि रु.७५ लाख २ हजार, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रु. ७४ लाख ९० हजार गरी सामाजिक विकास तर्फ कुल रु. १८ करोड ८३ लाख ४९ हजार विनियोजन गरेको छु। यसै अन्तर्गत यस गाउँपालिका भित्र बसोबास गर्ने सबै दलित समुदायका नागरिकहरुको स्वास्थ्य सरसफाइ तथा गुणस्तरीय जीवनका लागि ***"एक घर-एक उपहार"*** कार्यक्रम सञ्चालन गर्ने गरी बजेट विनियोजन गरेको छु। जनसंख्या व्यवस्थापन तर्फ"बसाई सरीजान नाईनाई - सरी आउनेलाई उपहार दिउँ एक गाई" कार्यक्रमलाई निरन्तरता दिएको छु।

३५. पूर्वाधार विकास तर्फ स्थानीय सडक विकासका लागि रु. ६ करोड ६४ लाख १३ हजार, भवन तथा सहरी विकास तर्फ रु. १ करोड ४१ लाख ८४ हजार, उर्जा, लघु तथा साना जल विद्युत (वैकल्पिक उर्जा समेत) रु. ९ लाख, सम्पदा प्रवर्द्धन पूर्वाधारका लागि रु. ८ लाख गरी पूर्वाधार विकासमा कुल रु. ८ करोड़ २२ लाख ९७ हजार विनियोजन गरेको छु।

३६. प्रकोप व्यवस्थापनका लागि २० लाख, कोभिड-१९ महामारी नियन्त्रण तथा रोकथामका लागि २० लाख, वातावरण तथा जलवायु अनुकुलन कार्यक्रमका लागि रु २३ लाख, श्रम तथा रोजगारका लागि रु ३४ लाख गरी कुल रु. ९७ लाख विनियोजन गरेको छु।

३७. कर्मचारीहरुको मनोवल उच्च राख्दै आफनो काम कर्तव्य प्रति सदा उत्प्रेरित राखी यी सेवामा कार्यरत कर्मचारीहरु मध्येबाट हरेक वर्ष कम्तिमा दुई जना कर्मचारीहरुलाई तोकिएको नगद सहित ***"छथर जोरपाटी राष्ट्र सेवा पदक"*** तथा प्रमाण पत्रबाट विशेष समारोहमा पुरस्कृत गर्ने कार्यक्रम राखेको छु। संस्थागत विकास, सेवा प्रवाह व्यवस्थापन, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण व्यवस्थापन, न्याय सम्पादन तथा व्यवस्थापन समेतका लागि रु. ७ करोड ५ लाख विनियोजन गरेको छु। समाजवाद उन्मूख समाजमा श्रमको उचित सम्मान हुनुपर्छ भन्ने

मान्यता अनुरुप नेपाल सरकारबाट न्यूनतम् ज्याला तथा पारिश्रमिक तोकिएको र सो वमोजिमको वजेट व्यवस्थापनका लागि स्थानीय सरकारलाई जिम्मेवार बनाइएको हुँदा स्थायी तथा नेपाल सरकारबाट तोकिएको प्रचलित स्केल बमोजिम तलव भत्ता खाइपाइ आउनु भएका शिक्षक तथा कर्मचारीहरुको हकमा नेपाल सरकारको घोषणा वमोजिम मासिक रु. २ हजार थप हुनेगरी बजेट विनियोजन गरेको छु। गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुलाई कार्यबोझसमेतका आधारमा मासिक रु २० हजार पारिश्रमिक दिने व्यवस्था मिलाएको छु । गाउँपालिको स्रोतबाट पारिश्रमिक पाउने गरी करार सेवामा नियुक्त सामुदायिक विद्यालयका प्रारम्भिक शिक्षकहरुलाई रु. ६ हजार थप गरी मासिक रु. १५ हजार पुरयाएको छु। गाउँपालिकाबाट मा.वि. र नि.मा.वि.मा नियुक्त शिक्षकहरुको पारिश्रमिकमा मासिक रु ७ हजार थप गरेको छु । माध्यमिक विद्यालयका विद्यालय सहायकहरुलाई मासिक १८ हजार पारिश्रमिक दिने गरी बजेट व्यवस्था गरेको छु । सबै सामुदायिक विद्यालयका बालविकास शिक्षक र कर्मचारीहरुको लागि सबैले समान रुपमा पाउने गरी मासिक रु. १५ हजार पारिश्रमिक दिने गरी बजेट व्यवस्था गरेको छु । यसैगरी सामुदायिक स्वास्थ्य संस्थामा करार सेवामा कार्यरत चौथो तहका कर्मचारीहरुलाई मासिक रु २५ हजार दिने र सो संस्थामा कार्यरत कार्यालय सहयोगीहरुलाई मासिक रु १५ हजारका दरले पारिश्रमिक दिने गरी वजेट विनियोजन गरेको छु । आन्तरिक पर्यटन प्रवर्द्धनका लागि नेपाल सरकारबाट घोषणा भए वमोजिमका कर्मचारीहरुका लागि वर्षको दश दिन बराबरको सेवा सुविधा सहित तोकिएको क्षेत्रमा भ्रमण जाने गरी काज सुविधा दिने व्यवस्था मिलाएको छु ।

३८. त्यसैगरी पर्यटन, खेलकुदग्राम, गाउँपालिकाको प्रशासकीय भवन र सडक पूर्वाधारका लागि आवश्यक समपुरक रकम रु. २ करोड ७२ लाख विनियोजन गरेकोछु ।

३९. यस गाउँपालिकको नीति तथा कार्यक्रम यस सम्मानित सभाबाट २०७८।०३।०९ गते पारित भइसकेकोले ती सबै नीतिगत विषयहरुलाई समेटने प्रयत्नका साथ यो आय व्यय अनुमान पेश गरेको छु | सो विषयहरु विनियोजन विद्येयक २०७८ को अनुसूची खण्डमा समेटिएको व्यहोरा यस सम्मानित सभामा निवेदन गर्दे आजको यो महत्वपूर्ण क्षणमा आपनो अनमोल समय दिनु भएकोमा यस गाऊँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, उपस्थित पत्रकार तथा अन्य महानुभावहरु र अहोरात्र खटीई हामीलाई सहयोग गर्नुभएका कर्मचारी तथा सम्बन्धित सबैमा सहयोगका लागि हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

मिति २०७८ साल असार १० गते

छथर जोरपाटी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी, धनकुटा
२०७३

भिमकला श्रेष्ठ
गाउँपालिका उपाध्यक्ष
छथर जोरपाटी गाउँपालिका
जोरपाटी, धनकुटा

उपाध्यक्ष